"उन्नत घाँस बीउ विजन भण्डार भवन निर्माण सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५"

<u>प्रस्तावना</u>: पशु उत्पादन तथा उत्पादकत्व वृद्धिका लागी उन्नत घाँस खेतीलाई प्राथमिकता दिनु पर्ने भएकोले हिँउदे तथा बर्षे घाँसको बीउ विजन भण्डार गरी घाँस खेति गर्ने समयमा गुणस्तरिय बीउ सहज रुपमा उपलब्ध गराउन र आर्थिक वर्ष २०७५/०७६ को प्रदेश सरकार प्रदेश नं. ५ को नीति तथा कार्यक्रमको बुँदा नं. ६१ र ६२ लाई सम्बोधन गर्न प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आर्थिक वर्ष २०७५/०७६ ले उन्नत घाँस बीउ विजन भण्डार भवन निर्माण सहयोग कार्यक्रम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमार्फत सञ्चानल गर्नेगरी स्वीकृत भएकोले मन्त्रालयले "उन्नत घाँस बीउ विजन भण्डार भवन निर्माण सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" बनाई लागू गरेको छ ।

## परिच्छेद १
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस कार्यविधिको नाम "उन्नत घाँसको बीउ विजन भण्डार भवन निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ ।

(ख) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तरगतको पशुपन्छी तथा मत्स्य विकास हेर्ने निर्देशनालय सम्झनुपर्छ ।

(ग) "कार्यालय" भन्नाले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनुपर्छ।

(घ) "कार्यक्रम" भन्नाले उन्नत घाँसको बीउ विजन भण्डार भवन निर्माण कार्यक्रम सम्झनुपर्छ।

(ङ) "कार्यविधि" भन्नाले "उन्नत घाँसको बीउ विजन भण्डार भवन निर्माण कार्यान्वयन कार्यविधि, २०७५" सम्झनुपर्छ।

सचिव

३. <u>उद्देश्यहरुः</u> कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम हुनेछन्

(क) व्यवसायिक गाईभैंसी पालक कृषक/फार्महरुमा उत्पादन गरिएको घाँसको बीउ भण्डारण गरि मागको आपूर्ति गर्ने गरि बिक्री बितरण कार्यलाई सहज गराउने।

(ख) व्यवसायिक गाईभैंसी पालक कृषक/फार्महरुलाई आवश्यक घाँसको बीउ उपलब्ध गराउने ।

## परिच्छेद २

## <u>कार्यक्रम सञ्चालनसम्बन्धी</u>

४. <u>कार्यक्रम सञ्चालन प्रकृयाः</u> (१) उन्नत घास विउ विजन भण्डार भवन निर्माण सहयोग लागि भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले सहकारी/घाँसको श्रोत केन्द्र/घाँस विकासका समुह/समितिहरुलाइ लक्षित गरी राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको सूचना प्रकाशन गरी अनुसूची १ बमोजिम प्रस्ताव माग गर्नेछ।

(२) सुचना प्रकाशन पश्चात अनुसूची २ अनुसारको निवेदन सहित सरोकारवाला सहकारी/घाँसको श्रोत केन्द्र/घाँस विकासका समुह/समितिहरुले सम्वन्धित निकायको सिफारीस सहित अनुसूची ३ र ४ को ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने छ।

(३) प्राप्त प्रस्तावहरु अनुसूची ५ अनुसार मूल्याङ्कन गरी प्रस्तिस्पर्धाको आधारमा छनौट गरिने छ।

(४) छनौटमा परेका प्रस्तावहरुको अनुसूची ६ वमोजिम स्थलगत प्रमाणिकरण गर्नुपर्ने छ।

(५) उन्नत घाँस बीउ विजन भण्डार भवन निर्माणको लागि निर्माण लागत मूल्यको ५० प्रतिशत वा वढीमा रु २५,००,००० (पच्चिस लाख मात्र) का दरले अनुदान रकम उपलव्ध गराईने छ।

(६) छनौट भएका निकायलाइ अनुसूची ७ वमोजिम सम्झौता गरिने छ।

(७) अनुसुची १ अनुसार माग भएका कागजातहरु पेश नहुने प्रस्तावहरु स्वतः अस्वीकृत हुनेछन् ।

५. <u>मूल्याङ्कन समितिः</u> (१) प्राप्त प्रस्तावहरुको मूल्यांकनको लागि देहायबमोजिमको मूल्याङ्कन समिति रहने छ।

प्रमुख भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | संयोजक

अधिकृत प्रतिनिधि कोष तथा लेखा नियन्त्रक कार्यालय सदस्य

अधिकृत प्रतिनिधि कृषि ज्ञान केन्द्र सदस्य

पशु चिकित्सक भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सदस्य

पशु विकास अधिकृत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सदस्य सचिव

(२) दफा ५ वमोजिम गठीत समितिको वैठक आवश्यकता अनुसार वस्नेछ।

(३) समितिले आवश्यकता अनुसार वढीमा अन्य ३ जना विज्ञ प्रतिनिधि हरुलाइ बैठकमा आमन्त्रित गर्न सक्नेछ।

६. <u>भुक्तानी गर्ने विधिः</u> (१) सम्झौता पश्चात कुल अनुदान रकमको २० प्रतिशत नवढ्ने गरी पेश्की स्वरुप नियमानुसार अनुदान ग्राहीको खातामा चेक मार्फत पेश्की रकम उपलव्ध गराउन सकिने छ।

(२) स्थलगत अनुगमन पश्चात भवन निर्माण गर्दा भएको खर्चका आधारमा अनुदान रकम नवढ्ने गरी मूल्य अभिवृद्धि कर सहितको सम्पूर्ण बिल पेश गरेपछी मात्र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले प्रचलित कानुन वमोजिम कन्टिन्जेन्सी वापतको रकम कट्टा गरी भुक्तानी गर्नेछ।

७. <u>कार्यक्रममा प्रस्तावकले पुरा गर्नुपर्ने मापदण्डः</u> लागत साझेदारी गरी सामेल हुनका लागि सम्बन्धित साझेदारले यस कार्यविधि बमोजिमका अन्य प्रावधानहरुका अतिरिक्त निम्न शर्तहरु पुरा गरेको हुनु पर्नेछ ।

(क) विगतका वर्षहरु हिउँदे र वर्षे/बहुबर्षे गरी घाँसको बीउ न्यूनतम ५ मेट्रिक टन उत्पादन भएको क्षेत्र हुनु पर्ने ।

(ख) प्रदेश नं. ५ अन्तर्गतका व्यवसायिक पशुपालक कृषक/संघ/सहकारी/समूहहरुले माग गरे अनुसार हिउँदे/ वर्षे घाँसको बीउ उपलब्ध गराउनु पर्ने ।

(ग) कृषकलाई घाँसको बीउ उपलब्ध गराउदा प्रचलित दरभाउमा उपलब्ध गराउनु पर्ने ।

(घ) कृषकहरुले उत्पादन गरेको घाँसको बीउ खरिद गरेर वा कृषकको स्वामित्व रहने गरि संरक्षण र भण्डारण गरिदिनु पर्नेछ ।

(ङ) कार्यालयवाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ।

१. घाँसको वीउ विजन भण्डारण भवन निर्माणका लागि आवश्यक निर्माण सामाग्री खरिद तथा ढुवानी ।

२. ढल निकास तथा फोहोर व्यवस्थापनको लागि आवश्यक निर्माण ।

३. विद्युत जडान र बीउ ग्रेडिङ सम्बन्धी निर्माण ।

४. घाँसको बीउ संकलन तथा विक्री वितरण कक्ष निर्माण कार्य ।

५. घाँसको बीउ विजन खरिद तथा विक्रीका लागि तौल गर्ने डिजिटल व्यालेन्स लगायतका बीउविजन सम्वन्धी अन्य उपकरण खरिद।

८. <u>आर्थिक प्रशासन सेवाः कार्यक्रमको</u> लेखा, लेखाङ्कन, लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४, र प्रदेश नं. ५ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश नं. ५ प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धी कार्याविधि २०७५ तथा प्रचलित कानून बमोजिम हुनेछ।

९. <u>अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनसम्बन्धी व्यवस्थाः</u> यस कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, मन्त्रालयले तोकेको कार्यालयहरुले गर्नेछन् । मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन निर्देशनालयमा पठाउनु पर्नेछ ।

१०. <u>थपघट वा हेरफेर गर्न सक्नेः</u> (१) यो कार्याविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(२) यस कार्याविधिको कार्यान्वियनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

अनुसूची १

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०.../.../...

यस विज्ञ केन्द्रको आ.व.२०७...../०७.. को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सहकार्यमा उन्नत घाँसको बिउ विजन भण्डारण भवन निर्माण सहयोग कार्यक्रम अनुदानमा सञ्चालन गर्नु पर्ने भएकोले ईच्छुक सहकारी/घाँसको श्रोत केन्द्र/घाँस विकास समुह/समितिहरु/बिउ व्यवसायी/कृषक समूह/समतिले यो सूचना प्रकाशित भएको मितिको ३० दिन भित्र कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । निवेदनका साथ तपशिलमा उल्लेखित कागजातहरु संलग्न हुनु पर्ने छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिलः

१. रु. १० को हुलाक टिकट टाँस गरेको अनुसूची २ अनुसारको निवेदन ढाँचा ।
२. प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था,फर्म,व्यवसाय दर्ता तथा नविकरण गरेको प्रमाणित प्रतिलिपि।
३. व्यावसायिक संस्था/फर्म/कम्पनी/को हकमा मूल्य अभिबृद्धी कर(VAT) वा स्थायि लेखा नम्बर(PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि। सहकारीको हकमा सम्वन्धित सहकारी डिभिजन कार्यालय तथा कृषक समुहको हकमा स्थानिय तह वा सरकारी कार्यालयमा दर्ता भएको प्रमाणपत्र।
४. कार्यसमितिको निर्णय ।
५. नियमानुसार दर्ता भएका प्रस्तावकहरुले अघिल्लो बर्षको लेखा परिक्षण प्रतिवेदन र करचुक्तादाखिलाको प्रमाणित प्रतिलिपी ।
६. भवन निर्माणको लागि चाहिने जग्गाको स्वामित्व आफ्नै भए लालपुर्जा र भाडामा भए कम्तीमा १० वर्षको सम्झौता पत्र।

७. प्रस्तावक संस्थाको साझेदारीको लगानी सहितको प्रतिबद्धता पत्र ।

८. विगत २ आर्थिक वर्ष भित्र अन्य सरकारी निकायहरुवाट सोही प्रकृतिको वस्तुगत तथा अनुदान नलिएको प्रतिबद्धता पत्र ।

९. भण्डारण घरको डिजाइन र लागत अनुमान ।

१०. अनुसूची ३ अनुसार परियोजनाको आर्थिक र प्राविधिक प्रस्ताव।

११. कार्यक्रम कार्यान्वयन कार्याविधि, अनुसूची एवं विस्तृत विवरणसम्वन्धित कार्यालयकवाट तथा वेव साईट वाट पनि डाउनलोड गर्न सकिनेछ ।

सचिव

अनुसूची २

प्रस्ताव पेश गर्नका लागि दिने आवेदन पत्र

मितिः२०७५ / /

विषयः प्रस्तावना पेश गरेको बारे ।

श्री कार्यालय प्रमुख ज्यू

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

............................

महोदय, तहाँ कार्यालयको मिति.......................... को ................ मा प्रकाशित सूचना अनुसार म/हामी निवेदकले तपशिल बमोजिमको कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक भई सूचनामा उल्लेख भए अनुसारका कागजातहरु संलग्न गरी आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेकोछु/छौं ।

प्रस्ताव पेश गर्ने कार्यक्रमको नाम :

प्रस्तावक संस्था/व्यक्तिको :

नामः

ठेगानाः

संस्थाको आधिकारीक व्यक्तिको नामः

पदः

दस्तखतः

सम्पर्क नं.

# अनुसूची ३

## प्रस्ताव-पत्रको नमुना

| | | |
|---|---|---|
| उन्नत घाँस बिउ विजन भण्डारण भवन निर्माणमा सहयोग अनुदान कार्यक्रम | | |
| क) प्राविधिक प्रस्ताव | | |
| १ | प्रस्तावित कार्यक्रमको नामः | |
| २ | कार्यक्रम कार्यान्वन हुने स्थानको ठेगानाः | |
| ३ | आवेदक संस्थाको नामः | |
| ४ | ठेगानाः | |
| ५ | आवेदक संस्थाको सम्पर्क टेलिफोन नंः | |
| ६ | आवेदको दर्ता नम्बरः | |
| ७ | दर्ता भएको कार्यालय र मितिः | |
| ८ | आवेदक निजी उद्यमी व्यवसायिक फार्महरुको/संस्था/संघ/उमेर (दर्ता वा स्थापना पश्चातको अवधी बर्षमा) | |
| ९ | भ्याट/पान दर्ता नम्बर | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| ११ | प्रस्तावकले आफ्नै श्रोतवाट व्यहोर्ने रकम रु. | |
| १२ | सम्बन्धित कार्यालयसंग माग रकम रु. | |
| १३ | गत वर्ष संकलन भएको घाँसको बिउमेट्रिक टन(हिउँदे र वर्षे )<br>घाँसको नामः उत्पदित बिउको मात्रा (क्विण्टल)<br>हिऊदे घाँसको वीउ<br>१<br>२<br>३<br>वर्षे घाँसको बिउ<br>१<br>२<br>३ | |
| १४ | गत वर्ष संकलन भई विक्री भएको बिउ टन......के . जि . ......... | |
| १५ | संस्थाबाट संकलित बिउबिक्री गरिने संस्था/संस्थान/आयोजना आदिको नाम र ठेगानाः | |

| | |
|---|---|
| | क) ............. |
| | क) ............. |
| १६ | प्रस्तावित कार्यक्रमको उद्देश्य |
| १६.१ | |
| १६.२ | |
| १६.३ | |
| १६.४ | |
| १७ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरु |

| | | | | |
|---|---|---|---|---|
| १७.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १७.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १७.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १७.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिज) | |

१७.५ आफ्नै स्वामित्वको भवन, मेशिनरी, सवारी साधन र यन्त्र-उपकरणको किसिम र संख्या उल्लेख गर्ने

| क.स. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या | | | | |
| १९ | क्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | महिला | दलित | जनजाती | अन्य |
| | | | | | |

| | |
|---|---|
| २० | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरण |
| २०.१ | |
| २०.२ | |
| २०.३ | कृयाकलाप कार्यान्वयन योजना |

२१

| क.स. | कृयाकलाप | महिना | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| | |
|---|---|
| २२ | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण |

| | |
|---|---|
| | समेत खुलाउने) |
| २२.१ | |
| २२.२ | |
| | वित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य रकम खुलाउने |

**२३**

| क्र.सं. | सहकार्य गर्ने अन्य निकायहरुको नाम | सहकार्य रकम रु | |
|---|---|---|---|
| | | | |
| | | | |

| | |
|---|---|
| २४ | प्रस्तावकलेबिगतबर्षमासम्पन्नगरेकाउल्लेखनियकार्यहरु (प्रस्तावितकार्यक्रमसंगमेलखानेमात्र) |
| २४.१ | |
| २४.२ | |
| २५ | उपरोक्त कार्य सम्पादनका लागी भएको लगानी (रु) |
| २६ | प्रस्तावित कार्यक्रम सम्बन्धि आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने) |
| २७.१ | |
| २८.२ | |
| २९ | आवेदकसँग भएको विद्यमान जनशक्तिको विवरण |

| क्र.सं. | जनशक्ति विवरण | दक्षता (शैक्षिक योग्यतारतालिम) | संख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

| | |
|---|---|
| ३० | प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असरहरु |
| ३०.१ | |
| ३०.२ | |
| ३१ | वातावरणीय असर न्यूनीकरणका लागी अपनाईने उपायहरु |
| ३१.१ | |
| ३१.२ | |
| ३२ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी (संख्या) |

**ख) आर्थिकप्रस्ताव**

**प्राविधिक प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तिृत विवरण**

| क.सं | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रतिइकाई दर (रु) | कुल लागत रकम (रु) | प्रस्तावकको योगदान सम्बन्धितकार्यालयको अनुदानबाट व्यहोरिने रकम(रु) | सम्बन्धितकार्यालयको अनुदान बाट व्यहोरिने रकम(रु) | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा (रु) | | | | | | | | |
| भ्याट (रु) | | | | | | | | |
| कुल जम्मा (रु) | | | | | | | | |

माथि उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु , कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गरांउछु/छौं ।

स्थानिय तह/सहकारी संस्था/व्यावसायिक संस्था/फर्म/कम्पनी/उद्यमीको जिम्मेवार पदाधिकारीको

| | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षर | |
| मितिः | |
| संस्था/फर्मको छाप | |

नोटः आवश्यकता अनुसार लाईनहरु थप्न गर्न वा पेज सेटअप मिलाउन सकिनेछ ।

# अनुसूची ४

## प्रस्ताव मूल्याङ्कन फारम

| मूल्याङ्कनका आधारहरु | | पुर्णाङ्क | प्रासाङ्क |
|---|---|---|---|
| बार्षिक घाँसको बिउ उत्पादन/ संकलन/बिक्री (२०) | ५ टन सम्म | १० | |
| | ५-७टन सम्म | १५ | |
| | ७ टन भन्दा माथि | २० | |
| प्राविधिक दक्षता/सम्बन्धित बिषयको तालिम (२०) | ५-७ दिन सम्म | ५ | |
| | ७ दिनदेखि माथि | १० | |
| सम्बन्धित बिषयमा संस्थाको अनुभव | २ बर्ष सम्म | ५ | |
| | २ बर्ष भन्दा माथि | १० | |
| प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर | | २० | |
| वातावरणिय उपयुक्तता | | ५ | |
| भण्डारण घरको डिजाइन तथा लागत अनुमान | | २० | |
| वित्तिय क्षमता | | ५ | |
| आधिकारिक निकायमा संघ/संस्था/फर्म/व्यवसाय दर्ता नविकरण गरेको प्रतिलिपि। | | १० | |
| **जम्मा** | | १०० | |

अनुसूची ५

स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

क) सामान्य जानकारी

१. जिल्लाः

२. आवेदकको नामः

३. कार्यक्रम सन्चालन स्थलको ठेगानाः

४. प्रस्तावित कार्यक्रमको नामः

५. स्थलगत प्रमाणिकरण मितिः

६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण

| क.सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

ख) आवेदकको मुल्यांकन

| क्र.स. | विवरण | प्रमाणिक करणमा देखिएको अवस्था र भार | प्रासङ्ग |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम सञ्चालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्तारका लागी जग्गा उपलब्ध हुनसक्ने सम्भावना छ/छैन | | |
| १.४ | बाढी पहिरोले क्षति पुऱ्याउन सक्ने सम्भावना छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वय स्थलमा बाटो, पानी, बिजुलीको सुविधा छ/छैन | | |
| १.६ | भौगोलिक हिसाबले उक्त स्थानमा प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्ता छ/छैन | | |
| २ | प्राविधिक क्षमता | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसँग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुनसक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | | |

| | | | |
|---|---|---|---|
| ३ | वित्तिय क्षमता | १५ | |
| ३.१ | आवेदकले आवश्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ/छैन | | |
| ३.२ | बैङ्क मौजदात वा हाल सञ्चालित कारोवारको बचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | वातावरणिय उपयुक्तता | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध हुनसक्ने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातवरणमा नकारात्मक असर पुग्नसक्ने अवस्था छ/छैन | | |
| ५ | अन्य पक्षहरु | २० | |
| ५.१ | संस्थागत/व्यावसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | | |
| ५.३ | आवश्यक कच्चापदार्थ प्राप्त हुनसक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित बस्तुको सहज बजारिकरण हुनसक्ने अवस्था छ/छैन | | |
| ५.४ | स्थलगत प्रमाणिकरण टोलीको राय | १० | |
| | आवेदक संग लागत साझेदारी गर्नु उपयुक्त छ/छैन | | |
| | जम्मा | १०० | |

नोटः माथी उल्लेखित प्रत्येक बुँदाको स्थलगत प्रमाणिकरणमा सकारात्मक अवस्था भेटिए ५ अङ्क र नकारात्मक अवस्था भेटिए ० अङ्क प्रदान गर्ने । उत्तीर्ण हुनका लागि न्यूनतम ४० अङ्क प्राप्त गर्नु पर्नेछ । स्थलगत प्रमाणीकरणमा प्राप्त अङ्कले प्रस्ताव मुल्याङ्कनमा प्राप्त अंक र वरियताक्रममा भिन्नता पार्ने छैन ।

ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठुला मेशिनरी र उपकरणहरुको विवरण

| क्र.स. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

३) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरणहरु भए उल्लेख गर्ने

१.

२.

ङ) स्थलगत प्रमाणिकरण टोलीको राय

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ/हुँदैन भनी राय पेश गर्ने ।

| क्रस | नाम थर | पद | हुन्छ/हुदैन | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ६

द्विपक्षिय सम्झौता पत्रको नमूना

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको आर्थिक बर्ष ०७५/०७६...................... को स्विकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा ........................... कार्यक्रम सञ्चालन गर्न श्री .......................................... कार्यालय, .................... (यसपछि प्रथम पक्ष भनिने) र श्री ............................, ...................... (यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी सहकार्यमा उन्नत घाँस वीउ भण्डारण भवन निर्माण गर्न द्विपक्षिय सम्झौता गरिदियौं/लियौं ।

तपशिल

१. प्रथम पक्षले ........................ कार्यक्रमको लागी विनियोजित रु............ दोश्रो पक्षलाई रु............... (अक्षरुपी..............) बराबरको आर्थिक अनुदान सहयोग प्रदान गर्नेछ ।

२. दोश्रोपक्षले बांकी रकमको व्यवस्था गरी ..................जिल्ला ................ गा.वि.स. ......... नं. वडाको ................. भन्ने स्थानमा यसै आर्थिक बर्षको अन्त्यसम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३. प्रथमपक्ष समक्ष पेश गरेको स्विकृत प्रस्तावपत्र मुताविकको डिजाईन र स्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारीत समय भित्र सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागी आवश्यक निर्माणसम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिंग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदी दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागी प्रथमपक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रोपक्षको बैङ्क खातामा एकमुष्ठ भुक्तानी दिनेछ ।

६. नेपाल सरकारवाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई बराबर किस्ता

वा सम्पुर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी बैङ्कखाता मार्फत गर्नेछ ।

७. प्रथम पक्षले कुनैपनि वखत सञ्चालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

८. दोश्रोपक्षले कार्यक्रम सञ्चालन स्थलमा सवैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

९. कार्यक्रम सन्चालनका दौरान वा सम्पन्नपश्चातको सन्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

१०. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति, उपलब्धी एवम् कारोवार सम्बन्धी विवरणहरु मन्त्रालयले तोकेको ........................................ कार्यलय मार्फत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

११. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१२. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१३. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागी सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गरी र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ।

१४. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाइन, ईस्टिमेट र दररेट मेसिनरी, उपकरण र अन्य सामानहरु खरीद गर्नु पूर्व प्रथम पक्षसंग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फवाट | प्रथम पक्षको तर्फवाट |
| हस्ताक्षर | हस्ताक्षर |

| | |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

रोहवर

| | |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

इति सम्वत ........... साल ............. महिना ......... गते रोज ........ शुभम् ।

नोटः द्विपक्षिय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुंदाहरु थप गर्न सकिनेछ ।